# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, चैत ३ गते २०६५ साल (संख्या ४८

## भाग ५

### नेपाल सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना १

नेपाल सरकारले निजामती सेवा ऐन २०४९ को दफा ३५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २४घ१. बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनका आधारमा विशेष बढुवा पाएका निजामती कर्मचारीहरुलाई देहायको शर्त तथा सुविधाको आधारमा स्वेच्छिक अवकाशको अवसर प्रदान गर्ने निर्णय गरेकोले सोही ऐनको दफा २४घ१. बमोजिम बढुवा भएका इच्छुक कर्मचारीहरुले संवत् २०६६ साल वैशाख मसान्तभित्र सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा स्वेच्छिक अवकाशको लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ । स्वेच्छिक अवकाशको शर्त र सुविधा देहाय बमोजिम रहेकोछ ।

<u>शर्त तथा सुविधा</u>

(१) निजामती सेवा ऐन २०४९ को दफा ३५ को उपदफा (१) बमोजिम निवेदन दिने अन्तिम मिति संवत् २०६६ साल वैशाख मसान्तसम्म सेवा अवधि २० वर्ष र उमेरको हद पचास वर्ष पूरा हुने सोही ऐनको दफा २४घ१. बमोजिम बढुवा भएका कुनै पनि सेवा, समूह वा उपसमूहका कुनै पनि पद वा श्रेणीका निजामती कर्मचारीहरुले यो स्वेच्छिक अवकाशका लागि निवेदन दिन सक्नेछन् । त्यसरी दिईने निवेदनका साथ सोही ऐनको दफा २४घ१. बमोजिम बढुवा भएको, सेवा अवधि २० वर्ष पुगेको र उमेर पचास वर्ष पुगेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(२) स्वेच्छिक अवकाश लिने कर्मचारी मध्ये संवत् २०४९ साल कार्तिक २१ गते भन्दा अघि निजामती सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र सो मिति र सो भन्दा पछि निजामती सेवामा प्रवेश गर्नेका हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।